# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

## वृहत साँस्कृतिक तथा खेलकूद प्रतियोगिता सञ्चालन कार्यका लागि लागत साझेदारीमा आधारित आशय पत्र पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०२/०५)

भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम गाउँ कार्यपालिकाको निर्णयानुसार आगामी जेष्ठ मसान्त र असार सक्रान्तिको अवसरमा पर्ने **भूम्या पर्व**को विशेष अवसरमा गाउँपालिकाभित्र रहेका भाषा, संस्कृति, परम्परालाई जगेर्ना र संरक्षण गर्न वृहत साँस्कृतिक कार्यक्रम सञ्चालन गर्न तथा यूवा लक्षित खुला खेलकूद प्रतियोगिता सञ्चालन गर्न लागिएकोले सम्बन्धित विषयगत क्षेत्रमा अनुभव तथा दक्षता भएका तथा साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न इच्छुक नेपाल सरकारद्वारा मान्यता प्राप्त संघसंस्थाहरुबाट तोकिएको ढाँचामा शिलबन्दी आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छः

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय भाषा संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि साँस्कृतिक प्रतियोगिता | १५०००००।- | गाउँ कार्यपालिकाले तोकेको स्थान | |
| २ | खुला खेलकूद प्रतियोगिता | ८०००००।- | गाउ कार्यपालिकाले तोकेको स्थान | |

**शर्तहरुः**

१. आशय पत्रको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाइट www.bhumemun.gov.np बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि ९८०८५०२०२३ वा ९८०८४२५६ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

२. पुरस्कारको राशी तथा व्यवस्थापन सम्बन्धी न्यूनतम् सीमा कार्यालयले तोके बमोजिम हुनेछ।

३. प्रस्तावदाता फर्म/संस्था यस कार्यालयमा वा सिटिजन बैंक इन्टरनेशनल लि भूमे शाखास्थित गाउँपालिकाको नाममा रहेको (खाता नं. ०७८००००२९ सीए भूमे गापा संचित कोष खाता) मा रु. १०००।– जम्मा गरी सूचीकृत भएको हुनुपर्नेछ।

४. इच्छुक योग्यता पुगेका संघसंस्थाले तोकिएको ढाँचामा निम्नानुसारका कागजात सहित सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछः
   - क) आशयपत्र पेश सम्बन्धी आवेदन र लागत साझेदारी वापत व्यहोरिने रकम प्रतिवद्धता
   - ख) कालो सूचीमा नपरेको र सो सम्बन्धमा संस्थाको स्वघोषणा
   - ग) संस्थाको दर्ता, नवीकरण, भ्याट/प्यान दर्ता, कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी
   - घ) संस्थाको प्रोफाइल (भौतिक सम्पत्ति, जनशक्ति, कार्य अनुभव लगायतका विवरण)

५. छनौट विधि भूमे गाउँपालिकाको लागत साझेदारीमा आधारित कार्यविधि, २०७४ बमोजिम हुनेछ।

६. प्रस्ताव मिति २०७६/०२/१९ गते दिउँसो १२ बजेभित्र दर्ता भैसक्नुपर्नेछ। सिलबन्दी प्रस्ताव प्रतिनिधिहरुको रोहबरमा दिउँसो २ बजे खोलिनेछ। प्रतिनिधि तोकिएको समयमा उपस्थित हुन नसकेमा प्रस्ताव खोल्न बाधा पर्नेछैन।

..................

प्रमुख प्रशासकीय अधिकृत